नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

## नेपाल बैंक लिमिटेडको ६४ औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीज्यूको सभापतित्वमा मिति २०८० पौष २९ गते आइतबार (तदानुसार १४ जनवरी २०२४) का दिन प्रधान कार्यालय, धर्मपथ, काठमाडौंमा बिहान ११:०० बजे शुरु भई दिनको १२:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी सम्पन्न भएको ६४ औं वार्षिक साधारण सभाको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण देहाय बमोजिम रहेकोले शेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित गरिएको छ।

### १. सभाको सूचना जारी :

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८० पौष ६ गते शुक्रबार बसेको बाइसौं बैठकले बैंकको ६४ औं वार्षिक साधारण सभा मिति २०८० पौष २९ गते आइतबारका दिन बिहान ११:०० बजे बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाडौंमा बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८० पौष ७ गते तथा मिति २०८० पौष ९ गतेको "गोरखापत्र" दैनिक लगायत बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको ।

### २. छलफलका विषयहरू :

#### क. सामान्य प्रस्तावहरू :

१. आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/८० को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक निर्धारण गर्ने।

### ३. उपस्थिति :

#### ३.१ सञ्चालकहरू :

| | | |
|---|---|---|
| १. | डा. चन्द्रबहादुर अधिकारी | अध्यक्ष |
| २. | श्री उत्तर कुमार खत्री | सञ्चालक |
| ३. | श्री गंगाप्रसाद ज्ञवाली | सञ्चालक |
| ४. | श्री साधना घिमिरे | सञ्चालक |
| ५. | श्री विवेक शम्शेर ज.ब.रा. | सञ्चालक |
| ६. | श्री विष्णुकुमार अग्रवाल | सञ्चालक |
| ७. | श्री रोचन श्रेष्ठ | सञ्चालक |



नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED प्रधान कार्यालय सञ्चालक समितिको सचिवालय

सञ्चालक श्री उत्तर कुमार खत्री पारिवारिक स्वास्थ्य उपचारको क्रममा भारतमा रहनुभएकोले साथै सञ्चालक श्री विष्णुकुमार अग्रवाल अस्वस्थ हुनु भएकोले सभामा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको ।

३.२ पदाधिकारीहरू :

| | | |
|---|---|---|
| १. | श्री तिलक राज पाण्डेय | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री समता पन्त | नायब प्रमुख कार्यकारी अधिकृत |

३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :

| | | |
|---|---|---|
| १. | श्री रामचन्द्र शर्मा | उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय (प्रतिनिधि, शेयरधनी नेपाल सरकार) |

३.४ प्रतिनिधि तथा पर्यवेक्षकहरू:

| | | |
|---|---|---|
| १. | श्री दुर्गाबहादुर बस्नेत | निर्देशक, महालेखापरीक्षकको कार्यालय |
| २. | श्री अम्बिका प्रसाद भट्टराई | शाखा अधिकृत, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा |

३.५ बाह्य लेखापरीक्षकहरू:

| | | |
|---|---|---|
| १. | श्री जगन्नाथ उपाध्याय | जे.एन. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्ट्स |
| २. | श्री सुनिर कुमार ढुंगेल | एस.ए.आर. एशोसियट्स, चाटर्ड एकाउन्टेण्ट्स |

४. शेयरधनीहरूको उपस्थिति तथा गणपूरक संख्या :

| उपस्थित शेयरधनीको संख्या | उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयर | बैंकको कुल शेयर | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| १५४ | ७,५२,१०,३१५ कित्ता | १४,६९,४०,२२९.२७८ कित्ता | ५१.१८ प्रतिशत |

५. सभाको वैधानिकता र सभापतित्व :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले सभा स्थलमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा आगन्तुक महानुभावहरूमा स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्दै बैंकको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार साधारण सभाको लागि गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये कम्तीमा तीन जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान भए अनुरूप शेयरधनीको उपस्थितिले आजको सभाको गणपुरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनु भयो ।

कम्पनी सचिवले सभालाई विधिवत् रूपमा अगाडि बढाउने क्रममा साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीज्यूलाई अनुरोध गर्नुभयो । त्यसपछि क्रमैसँग कम्पनी सचिवले बैंक सञ्चालक समितिका सदस्यहरू, बैंकका पदाधिकारीहरू, प्रतिनिधि तथा पर्यवेक्षकहरू, बैंकको शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र बाह्य लेखापरीक्षकहरूलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरू तथा

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

उपस्थित महानुभावहरूलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागी हुनका लागि अनुरोध गर्नुभयो ।

आसन ग्रहण र राष्ट्रिय गानको कार्यक्रम पश्चात् पानसमा दीप प्रज्वलन गरेर ६४ औं वार्षिक साधारण सभाको समुदघाट्न बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति डा. चन्द्रबहादुर अधिकारीज्यूले गर्नुभयो ।

तत पश्चात् कम्पनी सचिवले सभामा छलफल हुने प्रस्तावहरूको जानकारी सभा समक्ष गराउनु भयो र सञ्चालक समितिको तर्फबाट ६४ औं वार्षिक साधारण सभामा अध्यक्षको मन्तव्य तथा सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

## ६. अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति :

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीज्यूले सहभागी शेयरधनी महानुभावहरू, प्रतिनिधि, पर्यवेक्षक, पत्रकारहरू, बैंकको शेयर रजिष्ट्रारका प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षकहरू, नियमनकारी निकायका प्रतिनिधिहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत अभिवादन व्यक्त गर्दै अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको तर्फबाट ६४ औं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, साधारण सभामा प्रस्तुत प्रस्तावहरू तथा बैंकको ६४ औं वार्षिक प्रतिवेदनमा आवश्यक छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

## ७. प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता :

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतिलें बोल्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तिलक राज पाण्डेयले हालै मात्र प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाएकोले यस अवसरको सदुपयोग गर्दै बैंकको उन्नयनमा थप उचाइ हासिल गर्न उपयुक्त कार्यदिशा तय गर्दै आगामी दिनमा अगाडि बढ्ने प्रतिबद्धता सभा समक्ष व्यक्त गर्नुभयो ।

## ८. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरू :

६४ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव तथा विषयहरू उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरूको नामावली :

१. शत्रुघन श्रेष्ठ

२. रामगोपाल महर्जन

३. रामचन्द्र शर्मा

त्यस्तै, शेयरधनी निरूपमा गुप्ता तथा चन्द्रनारायण श्रेष्ठले लिखित सुझाव दिनुभएको थियो ।

## ९. शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका जिज्ञासा एवम् सुझावको सारांश :

कम्पनी ऐन बमोजिम तोकिएको अवधिभित्र साधारण सभा हुन गइरहेकोमा धन्यवाद दिँदै छलफल कार्यक्रमका सहभागी शेयरधनी महानुभावहरूले निम्न बमोजिमका सुझाव व्यक्त गर्नुभयो ।

- आगामी वर्षहरूमा शेयरधनीहरूलाई लाभांश वितरण गर्ने गरी बैंकको काम कारबाही अगाडि बढाउन सुझाव ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

- बैंकको आन्तरिक कार्य प्रणाली तथा ग्राहकसेवामा सूचना प्रविधिको थप लगानी बढाउन सुझाव ।
- बैंकको खराब कर्जा न्यूनीकरण गर्ने दिशामा रणनीति बनाई अघि बढ्न सुझाव ।
- कर्मचारी खर्चमा भएको बढोत्तरीका सम्बन्धमा जिज्ञासा ।

१०. **शेयरधनीहरूको जिज्ञासा एवम् सुझाव उपर प्रतिउत्तर :**

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षले छलफल कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरूले बैंकको उन्नति तथा प्रगतिका लागि दिनुभएका विभिन्न अमूल्य सुझावका लागि आभार व्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझावहरूको सुक्ष्म रूपमा अध्ययन, विश्लेषण गरी क्रमशः कार्यान्वयन गर्दै लगिने विश्वास सभा समक्ष दिलाउनु भयो ।

आगामी वर्ष बैंकको वासलातलाई थप मजमुत बनाउदै शेयरधनीहरूलाई लाभांश वितरण गर्ने दिशामा बैंकका कार्यहरू केन्द्रीत रहने जानकारी बैंक सञ्चालक समितिका अध्यक्षले गराउनु भयो । अध्यक्षले बैंकका लागि आवश्यक नयाँ **CBS** खरिद गर्ने प्रकृया अगाडि बढिरहेको व्यहोरा समेत जानकारी गराउनु भयो । नयाँ **CBS** खरिद पश्चात् बैंकको आन्तरिक कार्य प्रणाली तथा ग्राहकसेवा चुस्त दुरूस्त रहने विश्वास राख्नुभयो । धेरै पुराना तथा नयाँ खराब कर्जा असुलीमा रहेका व्यवहारिक कठिनाईलाई चिर्दै अगाडि बढिने विचार व्यक्त गर्नुभयो । साथै, विशेषतः बैंकमा कार्यरत कर्मचारीहरूको लामो समयदेखि पुनरावलोकन हुन नसकेको सेवा सुविधामा पुनरावलोकन भएको कारण कर्मचारी खर्चमा बढोत्तरी हुन गएको जानकारी समेत सभा समक्ष गराउनु भयो ।

११. **सभाको निर्णय :**

सामान्य प्रस्तावहरू :

१. आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/८० को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा ११ (२) मा भएको व्यवस्था अनुरूप महालेखापरीक्षकको कार्यालयको मिति २०८०/०९/२९ को पत्रबाट परामर्श प्राप्त भए बमोजिम तीन जना चाटर्ड एकाउन्टेन्टहरू श्री प्रदिप कुमार श्रेष्ठ, श्री मधुविर पाण्डे र श्री सृष्टि कोइरालालाई आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो । साथै, लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने अधिकार सञ्चालक समितिलाई दिने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

१२. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभाका सभापतिले सभामा सहभागी भई साधारण सभालाई सफल पार्न सहयोग गर्नुहुने शेयरधनी तथा सहभागी सम्पूर्ण महानुभावहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै, बैंकप्रति सदैव विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरू, ग्राहक महानुभावहरू, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

स्टक एक्सचेञ्ज लिमिटेड, सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरू, बैंकका सम्पूर्ण कर्मचारीहरू तथा बैंकसँग प्रत्यक्ष वा परोक्ष रुपमा हित गाँसिएका संघ संस्था तथा सरोकारवालाहरूबाट विगतमा जस्तै निरन्तर साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै सभाको समापन गर्नुभयो ।

( केशव प्रसाद भण्डारी )
सचिव

( डा. चन्द्रबहादुर अधिकारी )
अध्यक्ष

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय